# मदिरा बिक्री वितरण नियमन निर्देशिका, २०६५

समाजमा व्याप्त बिकृतिलाई हटाउन राजस्व नीतिका माध्यमद्वारा मदिराको बिक्री वितरणलाई नियमन गर्ने सम्बन्धमा आ.व. २०६५।६६ को बजेट वक्तव्यमा व्यवस्था गरिए अनुरुप अन्तःशुल्क ऐन, २०५८ (सं.स.) को दफा ४ (घ) तथा अन्तःशुल्क नियमावली, २०५९ (सं.स) को नियम ३४क. को मदिरा बिक्री वितरण सम्बन्धी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि आन्तरिक राजस्व बिभागले अन्तःशुल्क ऐन, २०५८ (सं.स.) को दफा २५क बमोजिम यो निर्देशिका बनाई जारी गरेको छ ।

१. यस निर्देशिकाको नाम मदिरा बिक्री वितरण नियमन निर्देशिका, २०६५ रहने छ ।

२. यो निर्देशिका २०६५ साल मंसिर ३ गतेदेखि प्रारम्भ हुनेछ ।

**३. यो निर्देशका लागू हुने क्षेत्र**

३.१. नेपाल भित्रका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका क्षेत्रमा मदिराको कारोवार गर्नेले मदिरा र सूर्तिजन्य बस्तुको मात्र कारोवार गर्न पाउनेछ ।

३.२. होटल तथा रेष्टुरेन्टले साविककै व्यवस्था अनुसार मदिराको कारोवार गर्न पाउनेछन् ।

३.३ डिपार्टमेण्टल स्टोर्सले मदिरा बिक्री बितरण गर्न छुट्टै बिक्रीकक्ष राख्नुपर्नेछ ।

**४. इजाजतपत्र सम्वन्धी व्यबस्था**

४.१ मदिरा र मदिराजन्य पदार्थको बिक्री वितरण गर्न सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट इजाजतपत्र लिनुपर्नेछ । आन्तरिक राजस्व कार्यालय नभएका जिल्लामा त्यस्तो इजाजतपत्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट लिन सकिनेछ । इजाजतपत्र नलिई मदिरा र मदिराजन्य पदार्थको बिक्री वितरण गर्न पाइने छैन ।

४.२ अन्तःशुल्क नियमावली, २०५९ को नवौं संसोधन लागू हुनु पूर्व मदिरा र मदिराजन्य पदार्थको कारोवार गर्ने महानगरपालिका,उपमहानगरपालिका र नगरपालिका क्षेत्रका इजाजतपत्रवालाले पनि २०६५ मंसिर ३ गते देखि यसै निर्देशिका बमोजिम मदिराको कारोवार गर्नुपर्नेछ ।

४.३ मदिरा र अन्य वस्तुको मिश्रित कारोवार गर्ने इजाजतपत्रवालाले यस निर्देशिका वमोजिम इजाजतपत्र लिई कारोवार गर्नु पूर्व अलग्गै फर्म दर्ता गरी छुट्टै कारोवार स्थलमा मदिरा मात्रै राखी कारोवार गर्नुपर्नेछ ।

४.४ मदिरा बिक्री बितरण गर्ने फर्म तथा कम्पनी दर्ता, नवीकरण तथा सिफारिस गर्ने सरकारी र गैर सरकारी संस्था तथा निकायहरुले पनि मदिराको कारोवार गर्ने फर्म तथा कम्पनीहरुलाई मदिरा तथा सूर्तिजन्य वस्तुहरुको मात्र बिक्री वितरण गर्न पाउने गरी शर्त तोकी दर्ता नवीकरण तथा सिफारिस गरी यस व्यबस्थालाई प्रभावकारी कार्यान्वयनको लागि सहयोग गर्नुपर्नेछ ।

यस अघि फर्म तथा कम्पनी दर्ता तथा नवीकरण गर्ने निकायले दिएको इजाजतमा जुनसुकै शर्त तोकिएको भएतापनि यो निर्देशिका जारी भएपछि मदिराको कारोवार गर्ने फर्म तथा कम्पनीको शर्त यसै बमोजिम भएको मानिनेछ । साथै, त्यस्ता फर्म तथा कम्पनीले यसै निर्देशिका बमोजिम बिक्री वितरण गर्नु पर्नेछ ।

## ५. इजाजतपत्रवालाले पालना गर्नुपर्ने शर्तहरु

५.१ डिपार्टमेण्टल स्टोर्सले मदिराजन्य पदार्थ बिक्री गर्ने प्रयोजनको लागि अलग्गै विक्री कक्षको व्यवस्था गर्नु पर्नेछ ।

५.२ मदिराको प्रत्येक वोतलमा विर्को र बोतलमा पर्ने गरी अन्तःशुल्क टिकट टाँसी निकासी गर्नु पर्नेछ ।

५.३ बियरको हकमा विभागले तोके बमोजिम् प्रत्येक कार्टुनमा स्टिकर टाँस गरी निष्कासन गर्नुपर्नेछ ।

५.४ विहान १०:०० बजे देखि राती १०:०० बजेसम्ममात्र मदिरा बिक्री वितरण गर्नु पर्नेछ ।

५.५ अठार वर्ष उमेर नपुगेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न पाईने छैन ।

५.६ मदिरा खरिद बिक्री गर्नेले मदिरा खरिद  बिक्री गरेको विजक राख्नु पर्नेछ।

५.७ इजाजतपत्रवालाले प्रत्येक वोतलमा अन्तःशुल्क टिकट टाँसेको मदिरा मात्र बिक्री गर्नुपर्नेछ । अन्तःशुल्क टिकट नरहेको सामान खरीद बिक्री गर्न पाईने छैन ।

५.८ अन्तःशुल्क ऐन, २०५८ (सं.स.) तथा मदिरा ऐन, २०३१ (सं.स.) र सो अन्तर्गत बनेका नियम तथा निर्देशिकामा उल्लेखित प्रावधानहरुको पालना गर्नु पर्नेछ ।

५.९ मदिरा उत्पादक, बितरक तथा थोक बिक्रेताले यस निर्देशिका बमोजिम इजाजतपत्र लिएको इजाजतपत्रवालालाई मात्र मदिरा बिक्री बितरण गर्नुपर्नेछ ।

५.१० इजाजतपत्र सवैले देख्ने गरी कारोवार स्थलमा राख्नु पर्नेछ ।

५.११ यो निर्देशिका लागू हुने क्षेत्रमा मदिराको कारोवार गर्ने इजाजतपत्रवालाले मदीरा र सूर्तिजन्य बस्तु मात्र आफ्नो कारोवार स्थलमा राख्न पाउनेछ । यसका लागि आफ्नो व्यवसायिक उद्देश्य तथा अन्य कर सम्बन्धी दर्ता भएका कागजातमा मदीरा र सूर्तिजन्य बस्तुको खरिद, बिक्री, पैठारी, संचय वा निकासी मध्ये जुन जुन कारोवार गर्ने हो सोको मात्र उद्देश्य कायम गर्नु पर्नेछ ।

## ६. अनुगमन तथा निरीक्षण सम्वन्धी व्यबस्था

६.१ यो निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्नको लागि विभागीय स्तरमा देहाय वमोजिमको अनुगमन तथा निरीक्षण समिति रहने छ ।

| | | |
|---|---|---|
| (क) | उपमहानिर्देशक आन्तरिक राजस्व विभाग | संयोजक |
| (ख) | अधिकृत प्रतिनिधि, राजस्व अनुसन्धान विभाग | सदस्य |
| (ग) | अधिकृत प्रतिनिधि, गृह मन्त्रालय | सदस्य |
| (घ) | अधिकृत प्रतिनिधि, स्थानीय विकास मन्त्रालय, नगरपालिका महाशाखा | सदस्य |
| (ङ) | अधिकृत प्रतिनिधि, बाणिज्य विभाग | सदस्य |
| (च) | अधिकृत प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय | सदस्य |
| (छ) | अधिकृत प्रतिनिधि, प्रहरी प्रधान कार्यालय | सदस्य |
| (ज) | अधिकृत प्रतिनिधि, सशस्त्र  प्रहरी बल मुख्यालय | सदस्य |
| (झ) | प्रतिनिधि, नेपाल चेम्बर अफ कमर्श | सदस्य |
| (ञ) | अध्यक्ष, नेपाल पेय पदार्थ बिक्री बितरण  व्यबसायी महासंघ | सदस्य |
| (ट) | अध्यक्ष, नेपाल खुद्रा व्यापार संघ | सदस्य |

| | | |
|---|---|---|
| (ठ) | अध्यक्ष, नेपाल किराना व्यवसाय संघ | सदस्य |
| (ड) | अध्यक्ष, नेपाल मदिरा उत्पादक संघ | सदस्य |
| (ढ) | अध्यक्ष, नेपाल पेय पदार्थ तथा चूरोट उत्पादक संघ | सदस्य |
| (ण) | निर्देशक, अनुसन्धान शाखा, आ.रा.वि. | सदस्य |
| (त) | निर्देशक, अन्तःशुल्क शाखा, आ.रा.वि. | सदस्य सचिव |

६.२ यो निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्नको लागि कार्यालय स्तरमा देहाय वमोजिमको अनुगमन तथा निरीक्षण समिति रहने छ।

| | | |
|---|---|---|
| (क) | प्रमुख, आन्तरिक राजस्व कार्यालय/कोष तथा लेखा नियन्त्रक कार्यालय | संयोजक |
| (ख) | अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | सदस्य |
| (ग) | अधिकृत प्रतिनिधि, सशस्त्र प्रहरी कार्यालय | सदस्य |
| (घ) | अध्यक्ष, उद्योग बाणिज्य संघ | सदस्य |
| (ङ०) | अध्यक्ष, मदिरा व्यबसायसँग सम्बन्धित बस्तुगत संघ | सदस्य |
| (च) | प्रतिनिधि, सम्बन्धित नगरपालिका | सदस्य |
| (छ) | प्रहरी नायब उपरीक्षक / प्रहरी निरीक्षक<br>जिल्ला प्रहरी कार्यालय | सदस्य सचिव |

६.३ अन्तःशुल्क ऐन, २०५८ (सं.स) , मदिरा ऐन, २०३१ (सं.स), अन्तःशुल्क नियमावली, २०५९ (सं.स) तथा मदिरा नियमावली, २०३३ (सं.स) र सो अर्न्तगतका निर्देशिकाको अधिनमा रही अनुगमन तथा निरीक्षण समितिले मदिरा बिक्री वितरण नियमन गर्ने सम्बन्धमा आवश्यक कार्य गर्नेछ।

६.४ अनुगमन तथा निरीक्षण समितिले आफ्नो कार्यविधि आफैं बनाई लागू गर्न सक्नेछ।

६.५ अनुगमन तथा निरीक्षण समितिले उप समिति तथा बजार अनुगमन टोली गठन गरी कार्य गर्न सक्नेछ।

## ७. उत्पादक तथा आपूर्तिकर्ताको कर्तव्य

७.१ यस निर्देशिका बमोजिम मदिराको मात्र कारोवार गर्न नसक्ने इजाजतपत्रवालाले आफुसँग भएको मदिरा बिक्री बितरण गरी वा आपूर्तिकर्ता वा उत्पादकलाई २०६५साल मंसिर २ गते भित्र फिर्ता गरी मौज्दात शून्य गर्नु पर्नेछ।

७.२ उत्पादक वा आपूर्तिकर्ताले पनि फिर्ता भै प्राप्त भएको मौज्दात फिर्ता लिनु पर्नेछ।

## ८. नियन्त्रण र कारवाही सम्बन्धी व्यवस्था

यस निर्देशिका बमोजिम कार्य नगर्ने व्यक्तिलाई देहायको कारवाही हुनेछ :

(क) ऐन नियम उल्लंघन भएको अवस्थामा इजाजतपत्र स्वतः रद्द हुनेछ।

(ख) मदिरा ऐन,२०३१ (सं.स.) सहितको दफा १३ बमोजिम सो कार्यसँग सम्वन्धित मदिरा जफत हुनेछ।

(ग) अन्तःशुल्क ऐनको दफा १६ को उपदफा (५) को खण्ड (ञ) बमोजिम पटकैपिच्छे रु.१०,०००।- (दश हजार रुपैंया) जरिवाना हुनेछ।

## ९. मदिराको कारोवार गर्ने इजाजतपत्रवाला सम्बन्धी व्यवस्था

९.१ यो निर्देशिकाको व्यवस्था लागू हुनु पूर्व मदिराजन्य पदार्थको कारोवार गर्न इजाजतपत्र लिएका वा नविकरण गराएका इजाजतपत्रवालाहरुले समेत यस निर्देशिका बमोजिम मदिराको मात्र कारोवार गर्नु पर्नेछ ।

९.२ यस निर्देशिका बमोजिम मदिराको कारोवार नगर्ने इजाजतपत्रवालाको इजाजतपत्र २०६५ साल मंसिर ३ गते देखि स्वतःरद्द भएको मानिनेछ ।

## १०. पुरस्कारको व्यवस्था

१०.१ विभागले यस निर्देशिका विपरित कसूर गरेको सूचना दिने सुराकीलाई सूचनाको सत्यताको आधारमा विभागले तोके बमोजिम वढीमा १० हजार रुपैंयासम्म सुराकी प्रोत्साहन खर्च दिन सक्नेछ ।

१०.२ अनुगमन टोलीले अनुगमन गर्दा यो निर्देशिका विपरित कारोवार गर्ने व्यवसायीको कारोवारसंग सम्बन्धित मदिरा जफत गर्नेछ ।

१०.३ यस ऐन विपरित कुनै काम हुन लागेको, भैरहेको वा भैसकेको कुराको सूचना वा सुराक दिने सरकारी कर्मचारी वा अन्य कुनै व्यक्तिलाई अभियुक्तबाट बरामद भएको अन्तःशुल्क लाग्ने वस्तुबाट असूल भएको बिगोको देहाय बमोजिम हुने रकम मुद्दाको अन्तिम निर्णय भएपछि सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट पुरस्कार स्वरुप प्रदान गरिनेछ ।

(क) सुराक दिने व्यक्तिलाई बिगोको दश प्रतिशत,

(ख) वस्तु मात्र पक्री पेश गर्ने व्यत्तिलाई बिगोको बीस प्रतिशत,

(ग) दशी तथा मानिस सहित पक्री पेश गर्ने व्यक्तिलाई बिगोको तीस प्रतिशत,

तर सूचना वा सुराक दिने व्यक्ति एकभन्दा बढी भएमा त्यस्ता व्यक्तिहरु बीच पुरस्कारको बाँडफाँड दामासहिले गरिनेछ ।

## ११. व्याख्या

यस निर्देशिका कार्यान्वयन गर्ने क्रममा कुनै द्धविधा भएमा विभागले व्याख्या गरी लागू गरिनेछ ।

नेपाल सरकार
अर्थ मन्त्रालय

**आन्तरिक राजस्व विभाग**

**अन्तःशुल्क निर्धारण बिशेष आदेश**

अन्तःशुल्क ऐन,२०५८ (सं.स.) को दफा १६ को उप दफा ५ सँग सम्बन्धित

मिति : ____/____/____

श्री ... ... ... ... ... ...

१) करदाताको नाम: ________________________________

२) करदाताको ठेगाना: ________________________________

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३) स्थायी लेखा नम्बर | | | | | | | | | |
| अन्तःशुल्क इजाजतपत्र नम्वर | | | | | | | | | |

४) अन्तःशुल्क निर्धारण भएको अवधि ....................................

५) जरिवाना निर्धारण गर्ने ऐनको दफा .............. तथा नियमावलीको नियम ............... सँग सम्वन्धित ।

जरिवाना गर्नुपर्ने कारण

______________________________________________

______________________________________________

तपाईले यो आदेश जारी भएको मितिले सात दिनभित्र नेपाल सरकारको सर्वसञ्चित कोषमा दाखिला हुने गरी ................................ स्थित ........................................................ बैंकमा नगद दाखिला गर्नु होला । यो आदेशमा चित्त नवुझे ऐन वमोजिम पुनरावलोकन दिन सकिने कुरा जानकारी गराइन्छ ।

________________
अन्तःशुल्क अधिकृत

**कार्यालय प्रयोजनको लागि मात्र**

**कम्प्यूटर प्रविष्टि**
मिति : ____/____/____

________________
अधिकृतको दस्तखत